# मध्यमकालीन खर्च संरचना

## आ.व. २०७९/८० देखि २०८१/८२ सम्म

## Medium Term Expenditure Framework

F/Y 2022/23 – 2024/25

वागलुङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
२०७३

श्री सूचना अधिकारी
नगरपालिकाको website मा
upload गर्नु।




वागलुङ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

*वागलुङ बजार, गण्डकी प्रदेश, नेपाल*

# पेश गरिएको दस्तावेज

| | |
|---|---|
| **दस्तावेज** | *बागलुङ नगरपालिकाको मध्यमकालीन खर्च संरचना* |
| **अवधि** | *आर्थिक वर्ष २०७९/८० देखि २०८१/८२ सम्म* |
| **परामर्शदाता** | *इन्जिनियरीङ हेल्पलाइन प्रा.लि.* बालकुमारी, काठमाण्डौं |
| **सम्पन्न मिति** | २०७९ |


# कृतज्ञता ज्ञापन

*आर्थिक वर्ष २०७९/८० मा यस बागलुङ नगरपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ । यस जिम्मेवारीको सहजीकरण कार्यलाइ सफल बनाउन सहयोग पुऱ्याउनु हुने नगरपालिका प्रमुख श्री वसन्त कुमार श्रेष्ठ प्रति अत्यन्तै आभारी छौं । उहाँको मार्गदर्शन र अभिरुचिले हामीलाइ यस कार्यमा तिब्रता दिन हौसला मिलेको छ । त्यसैगरी नगरपालिका उपप्रमुख श्री राजु खड्का, प्रमुख प्रशासकीय अधिकृत श्री हरिदत्त कंडेल, वडाध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्यहरू, नगरपालिकाका कर्मचारीहरू लगायत सबैमा परामर्शदाताको तर्फबाट हार्दिक आभार ब्यक्त गर्दछौं । त्यसैगरी, यस कार्यमा रचनात्मक सुझाव तथा सहयोग प्रदान गर्नुहुने अन्य सरोकारवालाहरूमा हार्दिक धन्यवाद ब्यक्त गर्दछौं ।*

***इन्जिनियरीङ हेल्पलाइन प्रा.लि, परिवार***

# नगर प्रमुखको मन्तब्य

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, बार्षिक, रणनीतिक विषय क्षेत्रगत मध्यमकालिन तथा दिर्घकालिन विकास योजना वनाई लागु गर्नुपर्नेछ भन्ने बिषय उल्लेख गरेको छ । त्यसै गरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय सरकारले सार्वजनिक आय व्ययको विवरण प्रस्तुतगर्दा अनिवार्य रुपमा आगामी पहिलो आ.व.को खर्च अनुमान र त्यस पछिका दुई आ.व.को खर्च प्रक्षेपण गरी तिन वर्षको चक्रिय बजेट प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाको रणनितिक योजना तथा विषयगत शाखाको लिएको उद्देश्य र कार्यक्रमको नतिजा हासिल गर्न सार्वजनिक खर्च व्यवस्थापनको महत्वपूर्ण भूमिका रहेको हुन्छ। मध्यमकालिन खर्च संरचनालाई नगरपालिकाको आवधिक वा रणनीतिक योजना विच तादाम्यता कायम गर्ने, विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तिय अनुशासन कायम गर्ने, सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापन गर्ने लगायतका बिषयको महत्वपूर्ण औजारको रुपमा लिने गरिन्छ ।

नेपालको संविधानले लोक कल्याणकारी राज्यको अवधारणा र समाजवाद उन्मुख आर्थिक प्रणाली मार्फत मुलुकमा सुशासन, विकास र समृद्धि हासिल गर्ने परिकल्पना गरेको छ । संघीय लोकतान्त्रीक शासन व्यवस्थाको माध्यमबाट लोकतन्त्रका आधारभुत मूल्य मान्यत, मानव अधिकारको संरक्षण र सुशासन कायम गर्न **"समृद्ध नेपाल सुखी नेपाली"** को राष्ट्रिय लक्ष्यलाई आत्मसात गर्दै र गण्डकी प्रदेशले लिएको **"समृद्ध प्रदेश, सुखी नागरीक"** को दीर्घकालीन सोचसँग तादात्म्यता हुने गरी बागलुङ नगरपालिकाको दीर्घकालीन सोच ***"मध्यपहाडी व्यपारिक तथा पर्यटकीय शहर, सुन्दर, समृद्ध, सांस्कृतिक बागलुङ नगर"*** को सोचलाई हासिल गराउन मध्यमकालिन खर्च संरचना सहयोगी हुने देखिन्छ ।

बागलुङ नगरपालिको हालको खर्चको प्रक्षेपणलाइ विद्यमान योजना, नगरपालिकाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम र प्रतिवद्धता, दिगो विकास लक्ष्यका सूचकहरु साथै देशमा देखिएको आर्थिक संकुचन लगायतका विषयलाई समेत मध्यनजर राखी यो मध्यमकालिन खर्च संरचना तयार गरिएको छ। मध्यमकालिन खर्च संरचनालाई सरल र यथार्थपरक बनाउन बिषय क्षेत्रगत नतिजा सूचकका आधारमा समष्टिगत मध्यमकालिन लक्ष्य निर्धारण गरी खर्च तथा स्रोतको त्रिवर्षिक अनुमान तथा प्रक्षेपण गर्न सकिने खालका संक्षिप्त तालिका प्रस्तुत गरिएको छ । यद्यपि नगरपालिकाको तथ्यांकलाई अझ व्यवस्थीत गर्नुपर्ने भएको हुँदा यसमा थप सुधार गर्नुपर्ने आवश्यकता देखिएको छ । यस प्रकार नगरपालिकाले लिएको लक्ष्य पुरा गर्न र मध्यमकालिन खर्च संरचनाले देखाएका मार्गचित्र अनुसार लक्ष्य हासिल गर्न विकास कार्यक्रम तथा आयोजनाहरुको प्रभावकारी कार्यान्वयन गर्दै अनुगमन तथा मुल्यांकन प्रणालीलाई थप सुदृढ गर्दै लैजानु पर्ने आजको आवश्यकता रहेको छ ।

अन्तमा यस बागलुङ नगरपालिकाको मध्यमकालिन खर्च संरचना तयार गर्न उत्साहपूर्बक लागी पर्नुहुने प्रमुख प्रशासकिय अधिकृत, लेखा अधिकृत, प्रशासकिय अधिकृत, योजना, प्राविधिक शाखा लगायत सम्पूर्ण नगरपालिकाका शाखा प्रमुख तथा कर्मचारीहरुलाई हार्दिक धन्यवाद र वधाइ दिन चाहन्छु ।

**धन्यबाद !**

बसन्त कुमार श्रेष्ठ
नगर प्रमुख

# विषय–सूची


परिच्छेद एक : परिचय ........ ४

*१.१ पृष्ठभूमि* ........ ४

*१.२ मध्यमकालीन खर्च संरचनाको उद्देश्य* ........ ५

*१.३ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरू* ........ ५

*१.४ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य* ........ ६

*१.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया* ........ ७

**१.५.१ मध्यमकालीन खर्च संरचनाको तयारी तथा प्रारम्भीक छलफल** ........ ७

**१.५.२ नीतिगत, कानूनी दस्तावेज एवं उपयोगी सन्दर्भ सामग्री संकलन तथा अध्ययन** ........ ७

**१.५.३ मध्यमकालीन खर्च संरचनाको ढाचा, औजार र कार्ययोजना तयारी** ........ ८

**१.५.४ सुझाब संकलन तथा अन्तिम दस्तवेज तयारी चरण** ........ ८

परिच्छेद २ : मध्यमकालीन खर्च संरचना ........ १०

*२.१ बागलुङ नगरपालिकाको विकासका अवसर तथा चूनौतिहरु* ........ १०

*२.२ सोच, उद्देश्य तथा रणनीति* ........ ११

२.२.१ दीर्घकालीन सोच ........ ११

२.२.२ नगर विकास लक्ष्य ........ ११

२.२.३ नगर विकासको उद्देश्य ........ ११

*२.३ मध्यमकालीन आर्थिक खाका* ........ ११

*२.४ मध्यमकालीन नतिजा खाका* ........ १२

*२.५ मध्यमकालीन बजेट खाका* ........ १३

*२.६ समष्टिगत आय प्रक्षेपण र विश्लेषण* ........ १४

*२.७ विषय क्षेत्रगत बाडफाड* ........ १६

परिच्छेद ३ : विषयगत कार्यक्रम र आयोजनाको प्रक्षेपण ........ २०

*३.१ आर्थिक विकास क्षेत्र* ........ २०

**३.१.१ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य** ........ २०

**३.१.२ विषयगत खर्चको त्रिवर्षीय प्रक्षेपण** ........ २१

**३.१.३ जोखिम तथा अनुमान** ........ २४

*३.२ सामाजिक विकास क्षेत्र* ........ २४

**३.२.१ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य** ........ २४

**३.२.२ विषयगत खर्चको त्रिवर्षीय प्रक्षेपण** ........ २५

**३.२.३ जोखिम तथा अनुमान** ........ २९

*३.३ पूर्वाधार विकास क्षेत्र* ........ २९

**३.३.१ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य** ........ २९

३.३.२ **विषयगत खर्चको त्रिवर्षीय प्रक्षेपण** ........ ३०

३.३.३ **जोखिम तथा अनुमान** ........ ३२

*३.४ वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र* ........ ३२

३.४.१ **नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य** ........ ३२

३.४.२ **विषयगत खर्चको त्रिवर्षीय प्रक्षेत्रपण** ........ ३३

३.४.३ **जोखिम तथा अनुमान** ........ ३३

*३.५ संस्थागत विकास क्षेत्र* ........ ३४

३.५.१ **नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य** ........ ३४

३.५.२ **विषयगत खर्चको त्रिवर्षीय प्रक्षेपण** ........ ३५

३.५.३ **जोखिम तथा अनुमान** ........ ३६

परिच्छेद - चार : विषयगत खर्च को सांकेतीकरण ........ ३७

*४.१ दिगो विकास लक्ष्य सांकेतीकरण* ........ ३७

*४.२ जलवायू मैत्री सांकेतीकरण* ........ ३८

*अनुसूची १ : मध्यमकालीन खर्च संरचना तर्जुमासम्बन्धी कार्यदल* ........ ३९

*अनुसूची २ : मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा मार्गदर्शन* ........ ४०

*अनुसूची ३ : तीन आर्थिक वर्षको कार्यक्रम तथा आयोजनागत बजेट खर्चको प्रक्षेपण र साङ्केतीकरण*........ **ङ्चचद्वच! ख्द्धद्वण□कचण थद्व□ घङ्गदृत्रथङ्गघ.**

*अनुसूची ४ : मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यशालाको उपस्थिति विवरण***ङ्चचद्वच! ख्द्धद्वण□कचण थद्व□ घङ्गदृत्रथङ्गघ.**

*अनुसूची ५ : मध्यमकालीन खर्च संरचना तर्जुमा क्रममा आयोजित कार्यक्रमका तस्विरहरू* ........ ४१

# परिच्छेद एक : परिचय

## *१.१ पृष्ठभूमि*

मध्यमकालीन खर्च संरचना सरकारको त्रिवर्षीय खर्च योजना हो । सरकारले लिएको प्राथमिकताका क्षेत्रमा श्रोतको सुनिश्चितता गर्दै सार्वजनिक खर्चमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन कायम गर्न यसले मद्दत गर्दछ । मध्यमकालीन खर्च संरचनाले आवधिक विकास योजना र वार्षिक योजना बीचमा तादम्यता कायम गर्दै सार्वजनिक श्रोतको विनियोजन तथा परिचालनलाई प्रभाबकारी गराइ योजनाको लक्ष्य हासिल गर्न टेवा पुर्याउँछ । यसले आवधिक विकास योजनालाइ वार्षिक बजेट तथा योजनासँग जोडने पुलको रूपमा काम गर्दछ । मध्यमकालीन खर्च संरचनालाई सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापन गर्ने महत्वपूर्ण औजारका रूपमा लिइने गरिन्छ । मध्यमकालीन खर्च संरचनाले आवधिक विकास योजनाले लिएका उद्देश्य हासिल गर्न खर्चको सुनिश्चितता गरी सहज परिवेश तयार गर्दछ । मध्यमकालीन खर्च संरचनाले आगामी तीन आर्थिक वर्षको खर्च तथा श्रोतको प्रक्षेपण र सोको आधारमा आगामी आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाको लागि आधार समेत तयार गर्दछ ।

मध्यमकालीन खर्च संरचना तयारीको अनिवार्यता तीनवटै तहको सरकारको दायित्व भित्र रहेको छ। नेपालमा दशौं राष्ट्रिय आवधिक योजना पश्चात मध्यमकालीन खर्च संरचना तयारीको अभ्यास राष्ट्रियस्तरबाट शुरु भएको हो। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा संघ, प्रदेश र स्थानीय तहले सार्वजनिक आय-व्ययको विवरण प्रस्तुत गर्दा अनिवार्य रूपमा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्नु पर्ने कानूनी व्यवस्था रहेको छ। स्थानीय तहको योजना एवं मध्यमकालीन खर्च संरचना तयारीमा सहजता, एकरूपता तथा स्तरीयताका लागि नेपाल सरकारले स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ उपलब्ध गराई मध्यमकालीन खर्च संरचना तयारीको विधि, औजार, चरण तथा प्रकृयालाई स्पष्ट पारेको छ। मध्यमकालीन खर्च संरचनाको तयारीमा नेपालको संविधान, सङ्घीय एवम् प्रदेश नीति तथा कानून र आवधिक विकास योजनामा रहेको व्यवस्था एवं सरोकारवालासँगको छलफलको निष्कर्शलाई मुख्य आधारका रूपमा लिइएको छ।

मध्यमकालीन खर्च संरचनाले आवधिक विकास योजनाको आधारमा आगामी तीन वर्षको समष्टिगत आर्थिक खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाकालाई समाविष्ट गरेको हुन्छ। यसले श्रोतको वस्तुनिष्ठ आँकलन एवम् प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँटको खाका समेत तयार गर्दछ। गत आर्थिक वर्षको वास्तविक स्रोत पूर्वानुमान तथा खर्चको आधारमा आगामी दुई आर्थिक वर्षको लागि बजेट प्रक्षेपण गरिन्छ भने आगामी आर्थिक वर्षमा बजेट कार्यान्वयन पश्चात् प्रगति समीक्षा एवम् बाँकी दुई वर्षको बजेटको आँकलनसहित आवश्यकता अनुसार परिमार्जन गरिन्छ। यसबाट सिमित श्रोतका बाबजुद प्राथमिकता क्षेत्रमा आवश्यक खर्चको ब्यवस्था एवम् परिचालन मार्फत अधिकतम उपलब्धि हासिल गर्न मद्दत पुग्दछ। बजेट तर्जुमा प्रक्रियालाई यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका पुर्याउनुको साथै बजेटलाई लक्ष्य, नतिजा र उपलब्धिसँग आबद्ध गराउन मध्यमकालिन खर्च संरचनाको महत्वपूर्ण भूमिका रहेको हुन्छ।

## ***१.२ मध्यमकालीन खर्च संरचनाको उद्देश्य***

नगरपालिकाको उपलब्ध स्रोत तथा साधन र आवश्यकताका आधारमा सार्वजनिक खर्च व्यवस्थापनमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन कायम गर्नु मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य रहेको छ। यसका विशिष्ट उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

- मध्यमकालीन खर्च संरचनालाई दिगो विकासमैत्री बनाई नेपालले निर्धारण गरेका लक्ष्य सन् २०३० सम्ममा प्राप्त गर्न सहयोग गर्ने।
- आवधिक विकास योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तादात्म्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमूलक बनाउन बजेट खाका, नतिजा खाका र वित्तीय खाका तयार गर्ने;
- दिगो विकासलाई टेवा पुर्याउने आयोजनाहरूलाई प्राथमिकीकरणका आधारमा स्रोतको सुनिश्चितता गर्ने;
- स्थानीय सरकारलाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्ने;

### *१.३ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरू*

यस मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरूलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ:

- नेपालको संविधान
- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)
- अन्तर-सरकार वित्त व्यवस्थापन ऐन, २०७४
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
- पन्धौं राष्ट्रिय योजना (२०७६/७७ - २०८१/८२)
- गण्डकी प्रदेशको प्रथम आवधिक विकास योजना (२०७६/७७ - २०८१/८२)
- नगरपालिकाको आवधिक विकास योजना, २०८० (मस्यौदा)
- नगर पार्श्वचित्र (नगर स्थिति पत्र), २०७५ ।

### *१.४ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य*

दिगो विकास लक्ष्य गरिबीको अन्त्य, समग्र पर्यावरण तथा पृथ्वीको संरक्षण र सबै मानिसको शान्ति एवम् समृद्धि हासिल गर्ने उद्देश्यले संयुक्त राष्ट्र सङ्घको १५ औं साधारण सभाद्वारा विश्वको साझा, दिगो र सुरक्षित भविष्यका लागि ग्रहण गरिएको विश्वब्यापी लक्ष्य हो । यसमा सन् २०३० सम्ममा हासिल गर्नेगरी १७ वटा विश्वब्यापी लक्ष्यहरू, १६९ परिमाणात्मक गन्तब्य र २३२ वटा सूचक निर्धारण गरिएका छन् । यी दिगो विकासका लक्ष्यहरू सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका काम, कर्तब्य अधिकार तथा दायित्वसँग प्रत्यक्ष, परोक्ष रुपमा सम्बन्धित रहेका छन् । नेपालको दीर्घकालीन सोच **समृद्ध नेपाल, सुखी नेपालीसँग** सम्बन्धित राष्ट्रिय ध्येयहरु पनि दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित छन् । यसर्थ पनि सबै तहका सरकारहरूले दिगो विकासको लक्ष्य प्राप्तीमा योगदान गर्नुपर्ने आवश्यकता रहेको छ । यसका अतिरिक्त, यसलाई देशको आवधिक तथा वार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिबद्धता विश्वका अन्य राष्ट्रहरूका साथै नेपालले पनि ब्यक्त गरेको सन्दर्भमा दिगो विकास लक्ष्यको कार्यान्वयन नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताका रुपमा पनि रहेको छ ।

दिगो विकास सम्बन्धित राष्ट्रको आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षणको एकीकृत अवधारणा भएकाले सदस्य राष्ट्रले दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण वा स्थानीयकरण गर्नु आवश्यक छ । अन्तर्राष्ट्रियस्तरमा सहमती भएका विकासका मुद्दामा सरकारको जिम्मेवारी पूरा गर्ने यो एउटा मुख्य माध्यम समेत हो । नेपालले चौधौं योजनादेखि नै दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरिरहेको छ । जसअनुसार आय वृद्धि, गुणस्तरीय मानवीय पूँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने गरी दीर्घकालीन लक्ष्य लिइएको छ । सङ्घ, प्रदेश तथा स्थानीय स्तरमा आवधिक योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्यहरूलाई साङ्केतीकरण गरी सम्बन्धित योजनाले दिगो विकास लक्ष्य प्राप्तीमा पुऱ्याउने योगदानको आँकलन गरी समग्र विकास उपलब्धीलाई दिगो विकासका लक्ष्य प्राप्तीतर्फ उन्मुख गराउने प्रयास हुँदै आएको छ । दिगो विकास लक्ष्यको कार्यान्वयनलाई प्रभावकारी र व्यवस्थित बनाउन प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन नमूना) तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । यसका अलावा, दिगो विकास लक्ष्य कार्यान्वयनलाई अझ प्रबलीकरण गर्न दिगो विकास लक्ष्य अनुकूलको स्थानीय आवधिक योजना तर्जुमा, दिगो विकास लक्ष्य अनुरुपको मध्यमकालीन खर्च संरचना, वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, दिगो विकास लक्ष्य प्राप्तिका

लागि चालु तथा पुँजीगत खर्चको व्यवस्थापन, दिगो विकास लक्ष्य कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन र दिगो विकास लक्ष्य प्राप्तिका लागि समन्वय, सहकार्य तथा साझेदारीको आवश्यकता रहेको छ ।

स्थानीय सरकारहरू नागरिकका समस्या सम्बोधनमा प्रत्यक्ष संलग्न हुने तथा नागरिकहरूसँग प्रत्यक्षरुपमा जोडिएका हुने भएकोले दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय सरकारको भूमिका अझ बढी महत्वपूर्ण रहेको छ । सबैजसो दिगो विकास लक्ष्यहरू स्थानीय सरकारका कार्यजिम्मेवारीभित्र रहेका छन् । दिगो विकास लक्ष्य-१ (शून्य गरिबी), लक्ष्य-२ (भोकमरीको अन्त्य), लक्ष्य-८ मर्यादित काम तथा आर्थिक वृद्धि) र लक्ष्य-१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन् । संविधानले स्थानीय तहहरूलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लघु, घरेलु तथा साना उद्योगको दर्ता तथा नियमनसम्बन्धी र स्थानीय संघ संस्था दर्ता, नियमन र परिचालनको जिम्मेवारी प्रदान गरेको छ । यसर्थ, स्थानीय सरकारका उक्त जिम्मेवारीहरू दिगो विकास लक्ष्य १, लक्ष्य २, लक्ष्य ८ र लक्ष्य १० सँग सम्बन्धित छन् । स्थानीय सरकारको अर्को महत्वपूर्ण कार्यक्षेत्र सामाजिक विकासको क्षेत्रमा स्थानीय तहको क्षेत्राधिकारभित्र चारवटा प्रमुख क्षेत्र पर्दछन् । यसमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशिता जस्ता पक्षहरू रहेका छन् ।

उपर्युक्त पृष्ठभूमिमा बागलुङ नगरपालिकाको यस मध्यमकालीन खर्च संरचनालाई पनि दिगो विकास लक्ष्यमैत्री बनाउन जरुरी देखिएको छ ।

### *१.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया*

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित) र स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी श्रोतपुस्तिका, २०७९ लाई आधार मानी यो मध्यमकालीन खर्च संरचना तयार गरिएको छ । यसको विधि तथा प्रकृयालाई निम्न बमोजिमका उप-शिर्षकहरूमा प्रस्तुत गरिएको छ :

### *१.५.१ मध्यमकालीन खर्च संरचनाको तयारी तथा प्रारम्भीक छलफल*

नगरपालिकाको मध्यमकालीन खर्च संरचना तयारीमा सहयोग एवम् सहजीकरणलाई सार्थक र प्रभाबकारी तुल्याउने उद्देश्यले १ दिने अभिमूखीकरण कार्यक्रम तथा शाखागत छलफल कार्यशालाको आयोजना गरिएको थियो । उक्त अभिमूखीकरण कार्यशालामा अध्यक्ष्ता नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठले गर्नुभएको थियो भने कार्यक्रम सञ्चालन प्रशासन शाखाका अधिकृत श्री भिमसेन पन्तले गर्नु भएको थियो । सो कार्यक्रममा मध्यमकालीन खर्च संरचनाको अवधारणा, तयारी प्रक्रिया, ढाँचा एवं औजारहरूको सम्बन्धमा नगरपालिकाका निर्वाचित प्रतिनिधि एवं शाखा प्रमुखहरूबीच समान धारणा तय गरिएको थियो । सो अभिमूखीकरण कार्यक्रममा मध्यमकालीन खर्च संरचना तयारीका लागि गर्नुपर्ने कार्य, समय सीमा, भूमिका एवं जिम्मेवारी सम्बन्धमा सहजीकरण टोलीका सदस्यहरू माझ छलफल गरी समान बुझाई कायम गरिएको थियो ।

### *१.५.२ नीतिगत, कानूनी दस्तावेज एवं उपयोगी सन्दर्भ सामग्री संकलन तथा अध्ययन*

सन्दर्भ सामग्रीको समीक्षाका लागि सङ्घीय, प्रदेश एवम् स्थानीय तहका योजना सहित उपयोगी नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका अन्य सान्दर्भिक दस्तावेज संकलन एवं अध्ययन गरियो । मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा अध्ययन एवं विश्लेषण गरिएका प्रमुख सन्दर्भ सामग्रीहरू देहाय बमोजिम रहेका छन् :

- (क) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- (ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- (ग) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७
- (घ) नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरण
- (ङ) नेपाल सरकार, प्रदेश सरकारको आर्थिक ऐनहरू
- (च) नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड
- (छ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- (ज) स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७७
- (झ) पन्ध्रौं राष्ट्रिय योजना, प्रदेश तथा गण्डकी प्रदेश सरकारको आवधिक विकास योजना
- (ट) नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०८०/८१)
- (ढ) नगरपालिकाको आवधिक विकास योजना २०८० (मस्यौदा)
- (थ) नगरपालिकाको विगत आ.व. का वाषिक बजेट तथा कार्यक्रमहरू

### ***१.५.३ मध्यमकालीन खर्च संरचनाको ढाचा, औजार र कार्ययोजना तयारी***

बागलुङ नगर कार्यपालिकाको आयोजनामा सम्पन्न उक्त छलफलमा स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारीसम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवं कार्ययोजना सम्बन्धमा प्रस्तुति र छलफल गरी समान बुझाई कायम गरिएको थियो । यस छलफलमा प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्य र विभिन्न शाखाका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो । सो कार्यशालामा मध्यमकालीन खर्च संरचना तयारीको अवधारणा, दिग्दर्शन, बिधि, औजार, संस्थागत व्यवस्था र कार्यसूचीलाई प्रस्तुति र छलफल गरियो । विषयगत समिति तथा शाखासँग परामर्श आवधिक विकास योजना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धि समीक्षाका लागि परामर्श तथा छलफल गरियो । यस परामर्शबाट प्रमुख उपलब्धि, चालु आयोजना, सालबसाली कार्यक्रम तथा आयोजना, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना, सम्भाव्यता अध्ययन र लागत अनुमान विवरण तयार गरियो । सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयार र हरेक आयोजनाको सम्बन्धित उप-क्षेत्रगत रूपमा श्रोत आवश्यकता निर्धारण गरियो ।

यसैक्रममा क्षेत्रगत योजना तर्जुमा विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचना तयारीका लागि विषय क्षेत्रगत योजना तर्जुमा गरियो । सो खाका उपर छलफल गरी विषयगत रूपमा प्राथमिकताक्रम, दिगो विकास लक्ष्य तथा जलवायु सङ्केतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप-क्षेत्रको साङ्केतीकरण समेत गरियो । परामर्शदाताको सहयोग तथा सहजीकरण बाट बजेट सीमा तथा मार्गदर्शनका आधारमा उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी गरियो । विषयगत योजना तर्जुमा कार्यशालाको निष्कर्षको आधारमा उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई तयार गरियो । विषयगत रूपमा तयार भएको मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी निर्धारित ढाँचामा मस्यौदा दस्तावेज तयार गरियो । मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग परामर्श गरी परामर्शदाताको सहयोगमा मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेज तयार गरियो ।

### ***१.५.४ सुझाव संकलन तथा अन्तिम दस्तवेज तयारी चरण***

मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेजलाई वडा र नगर स्तरमा सरोकारवालाहरू माझ प्रस्तुत गरी सुझाब संकलन गरियो। उक्त कार्यक्रममा नगर कार्यपालिका तथा विषयगत समितिका पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखाका प्रमुख र स्थानीय विकासका सरोकारवालाहरूको सहभागिता रहेको थियो। मस्यौदा दस्तावेजलाई प्रस्तुत गरी कार्यक्रम तथा आयोजना, प्राथमिकता, स्रोत विनियोजन तथा साङ्केतीकरण समेत मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेजमा सुझाब तथा पृष्ठपोषण प्राप्त गरियो। उपरोक्त मस्यौदा दस्तावेजमा प्राप्त सुझाव तथा पृष्ठपोषणलाई यथोचित सम्बोधन गरी अन्तिम दस्तावेज तयार गरियो। यस क्रममा आवश्यक सूचनालाई शाखाहरूसँगको समन्वयमा अद्यावधिक गरिएको छ।

# परिच्छेद २ : मध्यमकालीन खर्च संरचना

नेपालमा दशौं राष्ट्रिय योजनादेखि नै केन्द्रीय तहमा मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयनको अभ्यास थालनी गरिएको हो । वर्तमान सङ्घीय संरचनाको अभ्यास सुरु भए पश्चात अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायतका सङ्घीय कानूनले मध्यमकालीन खर्च संरचना तयारीलाई अनिवार्य गरेको छ। तीनवटै तहका सरकारले प्रत्येक आर्थिक वर्षमा बजेट खर्च अनुमान सहित आगामी दुई आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण समेटिएको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने प्रावधान रहेको छ । जसअनुसार चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत खुलाउनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले तय गरेका दीर्घकालीन सोंच सहितको प्रथम आवधिक विकास योजना अनुसार प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहित वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना आवश्यक रहेको छ ।

आर्थिक वर्षका (२०७९/८० - २०८१/८२) का लागि तुर्जमा गरिएको मध्यमकालीन खर्च संरचनाले उपरोक्त योजनाहरूको सोच, उद्देश्य, रणनीति र प्राथमिकता, प्रतिवद्धता, विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्यको मार्गचित्रलाई मुख्य आधारका रूपमा लिइएको छ । यस मध्यमकालीन खर्च संरचनाले नगर विकासमा तुलनात्मक लाभका विषय, प्राथमिकता र विकास कार्यक्रमलाई समेट्ने प्रयास गरिएको छ ।

## *२.१ बागलुङ नगरपालिकाको विकासका अवसर तथा चूनौतिहरु*

बागलुङ नगरपालिका कृषि तथा पशुपालनमा ब्यावसायिकताको अभिवृद्धिका कारण स्थानीय आर्थिक विकासमा प्रगति गरिरहेको छ । यस क्षेत्रको प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोगबाट अवसरहरू सिर्जना भएका छन् । कालीगण्डकी नदीको किनार देखि उपल्लो लेकाली भेगसम्म फैलिएको यस नगरपालिकाको भूगोलमा सबै प्रकारको जलबायू र जमीन उपलब्ध छ । चीन देखि भारतको सिमाना ब्यापारिक प्रवेशद्वार जोडने सडक कालिगण्डकी कोरिडर, भूपि शेरचन राजमार्गले पोखरा देखि बागलुंग हुँदै मुस्ताङसम्म सडक सञ्जाल जोडिएकोले धार्मिक पर्यटनको समग्र सर्किटमा बागलुंग पनि जोडिएको छ । साथै साविक धवलागिरी अंचलको प्रशासनिक केन्द्र रहेको र वागलुंग जिल्लाको समेत सदरमुकाम भएकोले यसको ब्यापारीक तथा प्रशासनिक फैलावट पर्याप्त रहेको देखिन्छ। कालिगण्डकी नदी, मध्यमस्तरका खोला र खोल्साहरु, रहेकोले जलविद्युत तथा सिंचाई सुबिधा विस्तारका लागि अवसर सिर्जना गरेको छ ।

विद्यमान विकासको प्रवृति अनुरूप दिगो विकास लक्ष्य, पन्ध्रौ राष्ट्रिय योजना, प्रादेशिक योजना र स्थानीय आवधिक विकास योजनाको उद्देश्य हासिल गर्नु प्रमुख चुनौतिका रूपमा रहेको छ । उत्पादन, रोजगारी र आयमा समन्यायिक वृद्धि, नागरिकको जीवनस्तरमा गुणात्मक सुधार, गरिबी न्यूनीकरण गरी मर्यादित जीवनयापनको वातावरण सिर्जना गर्नु प्रमुख चूनौतिहरू हुन् । यसका साथै विश्वब्यापी रूपमा फैलिएको कोभिड १९ महामारीको प्रभाव, विश्वव्यापी रूपमा देखा परेको उच्चस्तरको मूल्य वृद्धि र वातावरणीय ह्रास तथा जलवायु परिवर्तनको कारण सिर्जित विपद्को बढ्दो जोखिम लक्ष्य प्राप्तिका अवरोधका रूपमा देखिएका छन् ।

जटिल भौगोलिक बनोटका कारण बढ्दो विकास लागत, बढ्दो प्रशासनीक एवं चालु खर्च एवं जनताको बढ्दो माग एवं आवश्यकताका साथै जलवायुजन्य परिवर्तन र यसले सिर्जना गरेको आर्थिक तथा सामाजिक प्रभावले विकासको प्रतिफल हासिल गर्न कठिनाइ उत्पन्न गरेको छ। व्यवस्थित शहरी विकास, सुबिधायुक्त

र सुरक्षित बसोबास, स्वच्छ खानेपानी तथा उर्जाको उपलब्धता, सरसफाइ सुबिधा र सूचना प्रविधि, कृषि तथा वनजन्य उद्यमको विविधीकरण गरी उत्पादन र उत्पादकत्वमा वृद्धिका साथै उत्पादनशील रोजगारीमा अभिवृद्धि र जनसाङ्ख्यिक लाभको उपयोगमा आशातित उपलब्धि हासिल हुन सकेको छैन । सीप विकास, प्राकृतिक श्रोतहरूको दिगो परिचालन, सुदृढ बजारीकरण प्रणाली, स्थानीय उत्पादनको मूल्य श्रृखंलामा आबद्धता, युवा स्वरोजगारीका अवसरको सिर्जना र दिगो पूर्वाधार निर्माणको कमी रहेको छ । स्थानीय सरकारमा उपलब्ध सार्वजनिक खर्चको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभाबकारी वित्तीय अनुशासन कायम गर्नु चूनौतिपूर्ण रहेको छ । वित्तीय सङ्घीयतको मर्म अनुरूप स्थानीय तहको जिम्मेवारी पुरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, मानव संसाधन र संस्थागत क्षमता अभिवृद्धिका कार्य यथोचित रूपमा अगाडी बढेको छैन ।

## *२.२ सोच, उद्देश्य तथा रणनीति*

मध्यमकालीन खर्च संरचना तयारीमा नगरपालिकाको दीर्घकालिन सोच, आवधिक विकास योजना र वार्षिक बजेट तथा कार्यक्रमलाई प्रमुख आधारको रूपमा लिइएको छ । नगर विकासको सोच, लक्ष्य उद्देश्य तथा रणनीति देहाय बमोजिमका उप-शिर्षकहरूमा प्रस्तुत गरिएको छ :

### *२.२.१ दीर्घकालीन सोच*

नेपाल सरकारले लिएको “समृद्ध नेपालः सुखी नेपाली” र गण्डकी प्रदेश सरकारले लिएको “ समृद्ध प्रदेश, सुखी नागरीक” दीर्घकालीन सोचसँग तादात्म्यता हुने गरी तयार गरिएको बागलुङ नगरपालिकाको दीर्घकालीन सोच देहायअनुसार रहेको छ :

***“मध्यपहाडी व्यपारिक तथा पर्यटकीय शहर, सुन्दर, समृद्ध, सांस्कृतिक बागलुङ नगर”***

### *२.२.२ नगर विकास लक्ष्य*

नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक, वातावरण, संस्थागत सेवा प्रवाह, वित्तीय ब्यवस्थापन र सुशासनमा अभिवृद्धि गरी नगरबासीको जीवन स्तरमा सुधार आएको हुने ।

### *२.२.३ नगर विकासको उद्देश्य*

१. ब्यवसायिक कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,
२. वातावरण मैत्री पूर्वाधार विकासको माध्यमद्वारा पर्यटन र आर्थिक सामाजिक विकासको आधारशीला तयार गर्नु,
३. प्राकृतिक स्रोतको दिगो उपयोग एवं विपद् ब्यवस्थापनद्वारा जीवनयापनलाई सुरक्षित बनाउनु,
४. शासकीय सुशासनको अभिवृद्धि गर्नु,
५. दक्ष मानव स्रोतको विकास, विस्तारित रोजगारी, लैङ्गिक समानताद्वारा उच्च आर्थिक वृद्धि हासिल गर्नु

## *२.३ मध्यमकालीन आर्थिक खाका*

नेपालले लिएको दिगो विकास लक्ष्यका साथै संघ, प्रदेश र बागलुङ नगरपालिकाले लिएको दीर्घकालीन सोच, र उद्देश्य अनुरूप आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । सो अनुसार ३ वर्षको समष्टिगत आर्थिक खाका तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २.१ : समष्टिगत आर्थिक खाका तथा मध्यमकालीन लक्ष्य

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | हालको अवस्था | मध्यमकालीन परिलक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १ | बार्षिक खाध्यान उत्पादन | मेट्रिक टन | ११५०० | १२५०० | १३००० | १३५०० |
| २ | औसत पारिवारिक आय | रु. लाखमा | ३७० | ४१० | ५०० | ५२४ |
| ३ | नगरपालिकामा दर्ता भएका उद्योग, व्यवसाय | संख्या | १८०० | २००० | २२५० | २४०० |
| ४ | औपचारिक व्यवसायमा रोजगारी सृजना | जना | १२०० | १४०० | १६०० | १७०० |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ७० | ७५ | ८० | ८२ |
| ६ | आम्दानीको दुई तिहाई बढी खानामा खर्च गर्ने परिवार | प्रतिशत | ७० | ६५ | ६२ | ६० |
| ७ | कृषि उपज बेचविखन गर्ने घर परिवार | प्रतिशत | २० | २२ | २५ | २७ |
| ८ | आर्थिक वृद्धि | प्रतिशत | ४ | ५ | ६ | ६.५ |
| १० | प्रतिव्यक्ति वार्षिक आय | रु. हजार | १०० | १२० | १४० | १५० |

## *२.४ मध्यमकालीन नतिजा खाका*

नेपालले अपनाएको दिगो विकास लक्ष्य, पन्ध्रौ राष्ट्रिय योजना, गण्डकी प्रदेशको प्रथम आवधिक योजना र बागलुंग नगरपालिकाको आवधिक विकास योजनाले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्नेगरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्माण गरिएको छ । सो खाका विगत आर्थिक वर्षहरूको उपलब्धि र गत आर्थिकको उपलब्धिको आधारमा आ.व. २०७९/८० को लक्ष्य निर्धारण गरिएको छ । नतिजा खाकाको दोश्रो र तेश्रो वर्षको लक्ष्य समेत वर्तमान आवधिक विकास योजना र विगत वर्षहरूको अनुमानित उपलब्धिको आधारमा निर्धारण गरिएको छ । मध्यमकालीन समष्टिगत नतिजा खाका तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २.२ : प्रमुख विषयगत सूचक तथा मध्यमकालीन परिलक्ष्य

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | हालको अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०७९/८० | २०७९/८० |
| १ | ५ वर्ष मुनिका कम तौल हुने बालबालिका संख्या | प्रतिशत | ०.३ | ०.२ | ०.१ | ०.१ |
| २ | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ९० | ९२ | ९३ | ९४ |
| ३ | प्राविधिक वा व्यवसायिक तालिम प्राप्त जनसंख्या | संख्या | ८५० | ९५० | ११०० | ११५० |
| ४ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ४० | ४१ | ४३ | ४५ |
| ५ | कृषि पकेट क्षेत्र निर्धारण | संख्या | ८ | १० | १२ | १३ |
| ६ | समूहमा आवद्ध कृषक | संख्या | १२०० | १४०० | १६०० | १७०० |
| ७ | बार्षिक मासु उत्पादन | मे. टन | ४०० | ४५० | ५०० | ५५० |
| ८ | नगरपालिकामा भ्रमण गर्ने पर्यटक (हजारमा) | संख्या | ३०० | ४०० | ४५० | ५०० |
| ९ | बैंकमा खाता भएका नागरिक | प्रतिशत | ४५ | ५० | ५५ | ५८ |
| १० | कुल सडकमा कालोपत्रे सडकको अनुपात | प्रतिशत | २५ | २८ | ३२ | ३५ |
| ११ | ३० मिनेट दुरीमा यातायात पहुँच भएका जनसंख्या | प्रतिशत | ८५ | ८८ | ९० | ९३ |
| १२ | विद्युत्मा पहुँच प्राप्त परिवार | प्रतिशत | ९० | ९३ | ९४ | ९५ |

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | हालको अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०७९/८० | २०७९/८० |
| १३ | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | ४० | ४५ | ५० | ५५ |
| १४ | खाना पकाउन विद्युत उपभोग गर्ने परिवार | प्रतिशत | ३ | ५ | १० | १२ |
| १५ | आधारभूत खानेपानी सुबिधा पुगेका घरपरिवार | प्रतिशत | ९० | ९२ | ९४ | ९६ |
| १६ | विपद्का घटनाबाट वार्षिक प्रभावित परिवार | प्रति हजार | १४० | १३० | १०० | ९५ |
| १७ | एकिकृत वस्ती विकास एरिया | संख्या | ० | २ | ३ | ४ |
| १८ | स्थानीय सेवा प्रवाहबाट सन्तुष्ट नागरिक | प्रतिशत | - | ६० | ७० | ८० |
| १९ | मानव विकास सूचकाङ्क | अङ्क | ०.५४ | ०.५५ | ०.५८ | ०.६० |
| २० | औषत आयु | वर्ष | ७१ | ७२ | ७३ | ७४ |
| २१ | भवन मापदण्ड अनुसार निर्माण भएका घर | प्रतिशत | १२ | १५ | १८ | २२ |
| २२ | इन्टरनेट र सूचना प्रविधिमा पहूँच भएका जनसंख्या | प्रतिशत | ७५ | ८५ | ९० | ९५ |
| २३ | बन जंगलले ढाकेको क्षेत्र | प्रतिशत | ४० | ४२ | ४३ | ४५ |
| २४ | कुल बजेटमा आन्तरिक स्रोतको हिस्सा | प्रतिशत | ७ | ८ | ९ | ९.५ |
| २५ | वर्षैभरी सिचाई सुबिधा उपलब्ध जमीन अनुपात | प्रतिशत | ३० | ३२ | ३५ | ३८ |
| २६ | प्रतिब्यक्ति वार्षिक बजेट लगानी | रु. हजार | २१.०९ | २४.४९ | २२.६९ | २३.१७ |
| २७ | न्यायीक समितिबाट फर्स्यौट भएका उजुरी | प्रतिशत | ८० | ८५ | ९० | ९२ |
| २८ | बार्षिक बजेटमा बेरुजु अनुपात | प्रतिशत | २.५ | २ | १.५ | १.२ |

## ***२.५ मध्यमकालीन बजेट खाका***

त्रिवर्षीय बजेट खाका तर्जुमा गर्दा दिगो विकास लक्ष्यको मार्गचित्र सहित आवधिक विकास योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता सहित वार्षिक नीति तथा कार्यक्रम, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, पूर्वानुमान योग्यता र वित्तीय सुशासनलाई महत्व दिइएको छ। यस मध्यमकालीन खर्च संरचनाले दिगो विकास लक्ष्यको आन्तरिकीकरणमा सघाउ पुर्याउँदै वित्तीय सङ्घीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, तीब्र सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना र कार्यक्रमको प्रभाबकारी कार्यान्वयनलाई जोड दिएको छ। नगर गौरवका आयोजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना र कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित (Earmark) हुने गरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ। क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई विशेष ध्यान दिइएको छ। मध्यमकालीन स्रोत पूर्वानुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति, वर्तमानको वस्तुगत अवस्था र आगामी वर्षहरूमा पर्न सक्ने असर तथा प्रभाब, स्रोतको आवश्यकता लगायतका पक्षहरूलाई ध्यान दिइएको छ। त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषगत शाखा, उपशाखाहरुलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन अनुसूची २ मा प्रस्तुत छ।

चालू आर्थिक वर्षमा कुल बजेट करिब १ अर्ब १८ करोड रहेकोमा आगामी ३ वर्षमा क्रमश: १० प्रतिशतले बढ्न सक्ने देखाइएको छ। यसक्रममा कुल बजेट अन्तर्गत आन्तरिक राजश्वको हिस्सा चालू वर्षमा ७ प्रतिशतको हाराहारी रहेकोमा आगामी वर्ष १ देखि २ प्रतिशतको योगदान बढोत्तरी हुने देखिएको छ।

तालिका २.३ : नगरपालिकाको त्रिवर्षीय आय प्रक्षेपण (रकम रु. हजारमा)

| राजश्व शिर्षक | हालको यथार्थ | प्रक्षेपण | | |
|---|---|---|---|---|
| | | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| आन्तरिक आय | ६२,०६५ | ९७,६२० | १०७,६६८ | ११८,८८४ |
| राजश्व बाँडफाँड | | | | |
| *संघीय सरकार* | *१०६,७७३* | *१२५,०५०* | *१३१,३०३* | *१३७,८६८* |
| *प्रदेश सरकार* | *२४,४६८* | *४१,९००* | *४६,०९०* | *५०,६९९* |
| अनुदान तथा वित्तिय हस्तान्तरण | | | | |
| *संघीय सरकार* | *७८२,९१८* | *८९०,०००* | *९३४,५००* | *९८१,२२५* |
| *प्रदेश सरकार* | *३२,४२२* | *५५,०००* | *६२,०००* | *६४,१००* |
| *अन्य आन्तरिक अनुदान* | *६,४४०* | *१,०००* | *१,१००* | *१,२१०* |
| **जम्मा** | **१,०१५,०८६** | **१,२१०,५७०** | **१,२८२,६६१** | **१,३५३,९८५** |
| कुल आयमा आन्तरिक आयको योगदान (प्रतिशत) | ६.११ | ८.०६ | ८.३९ | ८.७८ |

माथिको तालिकामा नगरपालिकाको कुल राजश्व, आय र खर्चका सिमालाई लेखाजोखा गर्दा अघिल्लो आर्थिक वर्षमा खर्च हुन नसकेर बचत रहेको रकम (बैंक मौज्दात) लाई गणना गरिएको छैन । यद्यपि यस नगरपालिकामा हरेक आर्थिक वर्षमा १० देखि १५ करोड सम्म बचत रहने गरेको तथ्यांकले देखाउँछ ।

तसर्थ आगामी तीन वर्षको अवधिमा कुल बजेट रु. ४ अर्ब १४ करोड ७२ लाख १६ हजार (प्रचलित मूल्यमा) रहने प्रक्षेपण गरिएको छ । त्यसैगरी स्रोत परिचालन तर्फ आन्तरिक आयबाट रु. ३२ करोड ४१ लाख ७२ हजार, राजस्व बाँडफाटबाट रु. ५३ करोड ३९ लाख १० हजार, रोयल्टीबाट रु. ३२ लाख ५१ हजार र नेपाल सरकारको वित्तीय हस्तान्तरणबाट रु. २ अर्ब ८० करोड ५७ लाख २५ हजार र प्रदेश सरकार वित्तीय हस्तान्तरणबाट रु. १८ करोड ११ लाख २० हजार ब्यहोरिने प्रक्षेपण गरिएको छ । यससम्बन्धी विवरण तालिका २.४ मा उल्लेख गरिएको छ ।

## ***२.६ समष्टिगत आय प्रक्षेपण र विश्लेषण***

मध्यमकाली खर्च संरचनाको तर्जुमा क्रममा नगरपालिकाको आगामी तीन वर्षको शिर्षकगत आय र राजश्य अनुमान एवं प्रक्षेपणलाई विभिन्न आधारमा तुलनात्मक विश्लेषण गर्नु आवश्यक रहेको छ । यसका लागि गत आर्थिक वर्षको यथार्थ, चालू वर्षको अनुमान र आगामी ३ वर्षको शिर्षकगत आय सम्भाब्यता देहाय बमोजिम रहेको छ :

तालिका २.४ : त्रिवर्षीय शिर्षकगत आय प्रक्षेपण (रकम रु. हजारमा)

| राजश्व शिर्षक | हालको अवस्था | प्रक्षेपण | | |
|---|---|---|---|---|
| | | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| **राजश्व तथा अनुदान** | **१,०१५,०८६** | **१,२१०,५७०** | **१,२८२,६६१** | **१,३५३,९८५** |
| **आन्तरिक आय** | **६२,०६५** | **९७,६२०** | **१०७,६६८** | **११८,८८४** |
| एकीकृत सम्पत्ति कर *(सम्पत्ति कर)* | १८,५३१ | १४,००० | १५,४०० | १६,९४० |

| राजश्व शिर्षक | हालको अवस्था | प्रक्षेपण | | |
|---|---|---|---|---|
| | | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| भूमी कर/मालपोत | ७२ | ५०० | ५५० | ६०५ |
| घर बहाल कर *(घर जग्गा बहाल कर)* | १४,२२४ | १५,००० | १६,५०० | १८,१५० |
| बहाल विटौरी कर *(बहाल विटौरी शुल्क)* | १९४ | ३०० | ३३० | ३६३ |
| अन्य कर (प्रदुषण समेत) | *३,३२७* | ५,००० | ५,७५० | ६,६१३ |
| सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | - | ५०० | ५५० | ६०५ |
| अन्य बिक्रिबाट प्राप्त रकम | *४,६४०* | १,५०० | १,७२५ | १,९८४ |
| अन्य सेवा शुल्क तथा बिक्री (ढुङ्गा, गिट्टी, बालुवा विक्री) | - | ५,००० | *५,५००* | *६,०५०* |
| अन्य प्रशासनिक सेवा शुल्क | - | ८,००० | ८,८०० | ९,६८० |
| नक्सापास दस्तुर | *५,७८१* | १२,००० | १३,२०० | १४,५२० |
| सिफारिश दस्तुर | *४,८९६* | ८,००० | ८,८०० | ९,६८० |
| व्यक्तिगत घटना दर्ता दस्तुर | *६७०* | ६०० | ६६० | ७२६ |
| नाता प्रमाणित दस्तुर | *११८* | ४०० | ४४० | ४८४ |
| अन्य दस्तुर (दर्ता, अनुमती, नविकरण) | *७०९* | ३,००० | ३,३०० | ३,६३० |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | - | २०० | २३० | २६५ |
| न्यायिक दण्ड, जरिवाना र जफत | - | २० | २३ | २६ |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | १,६७५ | ३,००० | ३,४५० | ३,९६८ |
| अन्य राजस्व (पार्किङ समेत) | ४९६ | ६०० | ६६० | ७२६ |
| व्यवसाय कर | ६,६५२ | १२,००० | १३,८०० | १५,८७० |
| बेरुजु | - | ८,००० | ८,००० | ८,००० |
| **राजश्व बाँडफाँड** | **१३१,२४१** | **१६६,९५०** | **१७७,३९३** | **१८८,५६७** |
| **संघीय सरकार** | **१०६,७७३** | **१२५,०५०** | **१३१,३०३** | **१३७,८६८** |
| बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | १०६,७७३ | १२५,००० | १३१,२५० | १३७,८१३ |
| बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | | | | |
| बाँडफाँड भई प्राप्त वन/विद्युत रोयल्टी | | ५० | ५३ | ५५ |
| बाँडफाँड भई प्राप्त खनिज सम्बन्धी रोयल्टी | - | - | - | - |
| **प्रदेश सरकार** | **२४,४६८** | **४१,९००** | **४६,०९०** | **५०,६९९** |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | *१६,४४६* | २५,००० | २७,५०० | ३०,२५० |
| बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | ८०२२ | १६,००० | १७,६०० | १९,३६० |
| बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | - | ३०० | ३३० | ३६३ |
| बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | - | ६०० | ६६० | ७२६ |
| **अनुदान तथा वित्तीय हस्तान्तरण** | **८२१,७८०** | **९४६,०००** | **९९७,६००** | **१,०४६,५३५** |
| **संघीय सरकार** | **७८२,९१८** | **८९०,०००** | **९३४,५००** | **९८१,२२५** |
| समानिकरण अनुदान | १७३८०० | २००,००० | २१०,००० | २२०,५०० |
| शसर्त अनुदान चालु | ४७७,१०१ | ४८०,००० | ५०४,००० | ५२९,२०० |

| राजश्व शिर्षक | हालको अवस्था | प्रक्षेपण | | |
|---|---|---|---|---|
| | | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| शसर्त अनुदान पूँजीगत | ११६,७०६ | १५५,००० | १६२,७५० | १७०,८८८ |
| विषेश अनुदान चालु | १५,३११ | २५,००० | २६,२५० | २७,५६३ |
| विषेश अनुदान पूँजीगत | | | | |
| समपुरक अनुदान चालु | - | १५,००० | १५,७५० | १६,५३८ |
| समपुरक अनुदान पूँजीगत | | | | |
| अन्य अनुदान चालु | ० | १५,००० | १५,७५० | १६,५३८ |
| अन्य अनुदान (स्थानीय पूर्वाधार साझेदारी | | | | |
| **प्रदेश सरकार** | **३२,४२२** | **५५,०००** | **६२,०००** | **६४,१००** |
| समानिकरण अनुदान | २१४२२ | २५,००० | २६,२५० | २७,५६३ |
| शसर्त अनुदान चालु | - | १५,००० | १५,७५० | १६,५३८ |
| शसर्त अनुदान पूँजीगत | ६,००० | | | |
| विषेश अनुदान चालु | - | - | - | - |
| विषेश अनुदान पूँजीगत | | | | |
| समपुरक अनुदान चालु | ५,००० | ५,००० | १०,००० | १०,००० |
| समपुरक अनुदान पूँजीगत | | | | |
| अन्य अनुदान चालु | | १०,००० | १०,००० | १०,००० |
| अन्य अनुदान (स्थानीय पूर्वाधार साझेदारी | | | | |
| **अन्य आन्तरिक अनुदान** | **६,४४०** | **१,०००** | **१,१००** | **१,२१०** |
| अन्य संस्थागत आन्तरिक अनुदान | ६,४४० | १,००० | १,१०० | १,२१० |
| अन्य व्यक्तिगत आन्तरिक अनुदान | - | - | - | - |
| **वित्तीय सम्पत्ति तथा दायित्व** | **१४३,७०४** | **१५,०००** | **-** | **-** |
| न्याद | - | - | | |
| बैंक मौज्दात | १४३,७०४ | १००,००० | १००,००० | १००,००० |
| अन्य संस्थाहरुवाट ऋण प्राप्ती | - | - | | |
| तिर्नुपर्ने विभिन्न अन्य खाताहरु | - | - | | |
| **जम्मा राजस्व, अनुदान, सम्पत्ति र दायित्व** | **१,१५८,७९०** | **१,३१०,५७०** | **१,३८२,६६१** | **१४५३९८५** |

## ***२.७ विषय क्षेत्रगत बाडफाड***

विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्चको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट र साङ्केतीकरण सम्बन्धी विस्तृत विवरण अनुसूची मा प्रस्तुत गरिएको छ । कार्यक्रम र आयोजनाहरुलाई बजेटको सीमा टुंगो गर्ने प्रयोजनका लागि यो प्रक्षेपण तयार पारिएको हो । यसले विषयगत रूपमा आगामी तीन आर्थिक वर्षको खर्च अनुमान तथा पक्षेपण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २.५: आगामी तीन आ.व.को विषय उप क्षेत्रगत खर्चको बाँडफाँडको पक्षेपण

(रकम रु. हजारमा)

| क्र.सं. | उप-शिर्षक | हालको अवस्था | अगामी ३ बर्षको खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|
| | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| | आर्थिक विकास क्षेत्र | | | | |
| १ | कृषि विकास | २४०७० | २४५०० | २२२०० | १९७०० |
| २ | सिचाइ | ११०० | १६०० | १६०० | १६०० |
| ३ | पशु विकास | ५१५० | ५२५० | ५२५० | ५२५० |
| ४ | वित्तिय संस्था र सहकारी | १२०० | १२०० | १३०० | १३०० |
| ५ | पर्यटन तथा सँस्कृति | २८३५० | २६१०० | २५२०० | २५४५० |
| ६ | उद्यम, ब्यापार र रोजगारी | १९८१० | २०२०० | २०३५० | २०७५० |
| ७ | आयआर्जन र गरिवी निवारण | १८०० | २१०० | २४०० | २६०० |
| | सामाजिक विकास क्षेत्र | | | | |
| ८ | शिक्षा, विज्ञान तथा प्रविधि | ४११६२६ | ४०३२५० | ४०९३०० | ४२०४०० |
| ९ | युवा तथा खेलकुद | २०७५० | १५९५० | ११४५० | ११९५० |
| १० | स्वास्थ्य तथा पोषण | ८४५५० | ७५२६० | ७६१२० | ७६६३० |
| ११ | महिला, बालबालिका तथा सामाजिक समावेशीता | १०००० | ९८५० | १०१५० | १०२५० |
| १२ | खानेपानी तथा सरसफाई | २८७५० | २५९०० | २४००० | १९००० |
| | पूर्वाधार विकास क्षेत्र | | | | |
| १३ | सार्वजनिक निर्माण, खुल्ला क्षेत्र तथा अन्य पूर्वाधार | १६०००० | १६२२०० | १६२९०० | १६३५०० |
| १४ | आवास, भवन तथा बस्ती विकास | ११७२५० | ११७९५० | ११९३०० | ११९५०० |
| १५ | सडक, पुल, यातायात | ६०७०० | २४००० | २४६०० | २५५०० |
| १६ | जलस्रोत, विध्युत तथा उर्जा | ४३०० | ४५०० | ४९०० | ५००० |
| १७ | सूचना, सञ्चार र प्रविधि | ३५०० | ३५०० | ३५०० | ३५०० |
| | वन, वातावरण तथा विपद ब्यवस्थापन क्षेत्र | | | | |
| १८ | वन, जलाधार तथा जैविक विविधता | २१०० | २६०० | २८०० | ३००० |
| १९ | विपद ब्यवस्थापन, जलबायू अनुकुलन | १६६५० | १६८०० | १६९५० | १७१०० |
| २० | वातावरणा तथा फोहरमैला ब्यवस्थापन | ५४०० | ५८०० | ६३०० | ६६५० |

| | | | | | |
|---|---|---|---|---|---|
| | संस्थागत विकास तथा सुशासन क्षेत्र | | | | |
| २१ | निति तथा कानुन, न्याय र सुशासन | ५५७० | ५४५० | ५९०० | ६००० |
| २२ | संगठन तथा मानव संसाधन | २२३०० | १७३०० | १७४०० | १७५०० |
| २३ | राजश्व तथा स्रोत परिचालन | ६०० | ९०० | १००० | १००० |
| २४ | तथ्यांक, योजना तथा विकास व्यवस्थापन | ३७१४ | ३७५० | २९०० | ३३५० |
| २५ | समन्वय र सहकार्य | १५०० | १५५० | १६५० | १७५० |
| | कार्यालय सञ्चालन, वित्तिय ब्यवस्था र वडास्तरीय कार्यक्रमहरू | | | | |
| २६ | कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च जम्मा | १६१९५० | १७००४८ | १७८५५० | १८७४७७ |
| २७ | नगर विकास कोषको ऋणको ब्याज तथा सावाँ | १३४०० | १३५०० | १३५०० | १३५०० |
| २८ | वडास्तरीय साना कार्यक्रमहरु | ८७४७५ | ८५००० | ८५००० | ९०००० |
| | **कुल जम्मा विनियोजन** | **१३०३५६५** | **१२४६००८** | **१२५६४७०** | **१२७९२०७** |

उपरोक्त विवरण अनुसार ७ वटा विषयगत क्षेत्रमा बजेट अनुमान र खर्चको बाँडफाँडलाई हेर्दा निम्नानुसार हुने देखिएको छ :

*तालिका २.६: आगामी तीन आ.व.को विषयक्षेत्रगत खर्च र अनुपातको बाँडफाँड प्रक्षेपण*

रकम रु. हजारमा

| विषयगत क्षेत्र | हालको अनुमान | खर्चको प्रक्षेपण | | |
|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| आर्थिक विकास क्षेत्र | ८०२८० | ७९७५० | ७७००० | ७५३५० |
| सामाजिक विकास क्षेत्र | ५५५६७६ | ५३०२१० | ५३१०२० | ५३८२३० |
| पूर्वाधार विकास क्षेत्र | ३४५७५० | ३१२१५० | ३१५२०० | ३१७००० |
| वन तथा वातावरण क्षेत्र | २५६५० | २६७५० | २७७०० | २८५०० |
| संस्थागत विकास क्षेत्र | ३२१८४ | २७४०० | २७२०० | २७८५० |
| प्रशासनिक तथा कार्यालय सञ्चालन | १६१९५० | १७००४८ | १७८५५० | १८७४७७ |
| वित्तिय ब्यवस्था (नगर विकास कोष) | १३४०० | १३५०० | १३५०० | १३५०० |
| वडागत साना कार्यक्रमहरू | ८७४७५ | ८५००० | ८५००० | ९०००० |
| **जम्मा** | **१३०२३६५** | **१२४४८०८** | **१२५५१७०** | **१२७७९०७** |

| विषयगत क्षेत्र | हालको अनुमान | खर्चको प्रक्षेपण | | |
|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| कुल खर्चको प्रक्षेपणमा विषयगत क्षेत्रको अनुपात (%) | | | | |
| आर्थिक विकास क्षेत्र | ६.१६ | ६.४१ | ६.१३ | ५.९० |
| सामाजिक विकास क्षेत्र | ४२.६७ | ४२.५९ | ४२.३१ | ४२.१२ |
| पूर्वाधार विकास क्षेत्र | २६.५५ | २५.०८ | २५.११ | २४.८१ |
| वन तथा वातावरण क्षेत्र | १.९७ | २.१५ | २.२१ | २.२३ |
| संस्थागत विकास क्षेत्र | २.४७ | २.२० | २.१७ | २.१८ |
| प्रशासनिक तथा कार्यालय सञ्चालन | १२.४४ | १३.६६ | १४.२३ | १४.६७ |
| वित्तिय ब्यवस्था (नगर विकास कोष) | १.०३ | १.०८ | १.०८ | १.०६ |
| वडागत साना कार्यक्रमहरू | ६.७२ | ६.८३ | ६.७७ | ७.०४ |
| **जम्मा** | **१००** | **१००** | **१००** | **१००** |

कुल खर्च प्रक्षेपण मध्ये आगामी आर्थिक वर्षका लागि कुल प्रस्तावित बजेट मध्ये टुंगो लागिसकेको खर्च अनुमान कटाउँदा ६ करोड ५७ लाख ६२ हजार नयाँ कार्यक्रमका लागि बचत हुने देखिन्छ । भने दोस्रो र तेस्रो वर्षमा क्रमशः १२ करोड र १७ करोड बाँकी रहने देखिएको छ, जुन नगरपालिकाले नयाँ कार्यक्रमका लागि प्रयोग गर्न सक्छ ।

| विषय क्षेत्र | हालको अवस्था | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|
| कुल आयको प्रक्षेपण | १२७८३६० | १३१०५७० | १३८२६६१ | १४५३९८५ |
| कुल ब्ययको प्रक्षेपण | १३०२३६५ | १२४४८०८ | १२५५१७० | १२७७९०७ |
| **वार्षिक बजेटमा थप कार्यक्रमका लागि बचत रकम** | | ***६५७६२*** | ***१२७४९१*** | ***१७६०७८*** |

आर्थिक वर्ष २०७९/८० को विनियोजन र पछिल्लो तीन वर्षको प्रक्षेपण, विषयगत नतिजा, शिर्षकगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषयगत अनुमानित बजेट परिच्छेद ३ मा प्रस्तुत गरिएको छ ।

# परिच्छेद ३ : विषयगत कार्यक्रम र आयोजनाको प्रक्षेपण

यस नगरपालिकाले आगामी ३ वर्षमा गर्ने बजेट खर्चको शिर्षकगत अनुमान तथा प्रक्षेपणले सार्वजनिक खर्चलाई व्यवस्थित गर्न र वित्तिय अनुशासन कायम गर्न सघाउछ। यसप्रकार नगरपालिकाको ५ वटा मुख्य विषयक्षेत्रमा बाँडेर नतिजा सूचक र मध्यमकालीन **लक्ष्य** निर्धारण सहित शिर्षकगत खर्चको प्रक्षेपण गरिएको छ।

## *३.१ आर्थिक विकास क्षेत्र*

यस नगरपालिकामा खाध्यान्न तथा मौसमी र बेमौसमी तरकारी, फूल र आलु मार्फत यहाँका कृषकहरू प्रशस्त मात्रामा आयआर्जन गर्न सफल भएका छन्। कच्चा पदार्थ उत्पादन मात्रमा भर नपरी उत्पादन विविधिकरणमा समेत यो नगरपालिका अग्रणी स्थानमा रहेको छ। यसैगरी फलफूल र दलहन बालीको परम्परागत उत्पादनको अभ्यास पनि निरन्तर रहेको छ। सडक यातायातको सहज पहुँचका कारण बजारीकरणमा सहजता रहेको छ। कृषिजन्य लघु तथा साना उद्यमहरू समेत विकास भएर अन्य नगर तथा गाउँपालिकाहरूमा समेत विस्तार हुँदै गएको पाइन्छ।

### *३.१.१ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको विवरणको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तलको तालिकामा प्रस्तुत गरिएको छ :

*तालिका ३.१ : आर्थिक विकास क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | चालु आ.व. को अनुमान उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| व्यवसायिक कृषि फर्म | संख्या | २०० | २५० | २८० | ३०० |
| खाद्यान्न उत्पादन वृद्धिदर | प्रतिशत | २.५ | ३ | ३.५ | ३.८ |
| कृषक समूहमा आवद्ध कृषक | संख्या | १०५० | १२०० | १४०० | १६०० |
| दुग्ध उत्पादन निर्यात (वार्षिक) | रु. लाख | ५० | ७० | १०० | १२५ |
| बार्षिक मासु उत्पादन | मे. टन | २५०० | ३००० | ३५०० | ३७०० |
| वर्षैभरी सिंचाई उपलब्ध खेतीयोग्य भूमि | प्रतिशत | ३५ | ४० | ४३ | ४५ |
| औपचारिक क्षेत्रमा रोजगारीको अनुपात | प्रतिशत | ३० | ३२ | ३५ | ३७ |
| नगरपालिकामा वार्षिक भ्रमण गर्ने पर्यटक | हजार | ३५० | ४०० | ४५० | ५०० |
| तलिम प्राप्त अगुवा कृषक | संख्या | २०० | २५० | २९० | ३५० |
